# प्रेस विज्ञप्ती

# सिद्धार्थ बैंकको वार्षिक साधारण सभा सम्पन्न

*मंसिर ०५, २०८०, काठमाडौं*

सिद्धार्थ बैंक लिमिटेडको बाइसौं वार्षिक साधारण सभा मिति २०८० मंसिर ०५ गते मंगलबार काठमाडौं, बालुवाटार स्थित आम्रपाली बैंङक्वेटमा बैंक संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाको अध्यक्षतामा सम्पन्न भएको छ ।

साधारण सभाले बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को ४.२१ प्रतिशतका दरले हुने रु. ५९,३१,८८,१६६/- (अक्षरेपी उनान्साठ्ठी करोड एकतीस लाख अठासी हजार एक सय छैसठ्ठी रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरण गर्ने लगायतका प्रस्तावहरु पारित गरेको छ ।